४. **दोस्रो पक्षको कानुनी दायित्व :**

क) शर्त नं ३ (क) मा उल्लेख भए अनुसार वस्तु बिक्री वितरण गरे गराए बापतको कुनै पनि किसिमको आर्थिक तथा कानुनी दायित्व व्यहोर्नु पर्ने छैन ।

ख) प्रथम पक्षको हित विपरितका कार्यहरु, वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमित गर्ने) ऐन २०७४ र नियमावली २०७६ विपरितका गैर कानुनी काम गरे गराएमा त्यसको जिम्मेवारी लिनुपर्नेछ ।

ग) ग्राहक वा उपभोक्ताबाट वस्तु खरिद वापतको रकम बाहेक अन्य रकम लिएमा सोको तिर्ने बुझाउने दायित्व हुनेछ ।

घ) व्यक्तिगत कारोवार वा अन्य कारोबारमा प्रथम पक्षको नाम जोडी कुनै किसिमको कारोबार गर्ने, रकम लेनदेन गर्ने वा गैर कानुनी कामहरु गर्नु हुँदैन, गरे गराएमा आफै जिम्मेवारी हुनुपर्नेछ ।

५. **खरिद गरेको वस्तु फिर्ता गर्न सक्ने :**

क) आम उपभोक्ताहरुले प्रथम पक्षबाट खरीद गरेको वस्तुको मुल्य, गुणस्तर, परिमाण वा उपयोगितामा चित्त नबुझेमा वस्तुको प्रयत्क्ष (नियमन तथा वयवस्थापन गर्न बनेको) ऐन, २०७४ नियमावली, २०७६ मा भएको व्यवस्था अनुसार वस्तु खरिद गरेको मितिले तीस दिन भित्र प्रथम पक्षलाई फिर्ता गर्न सक्नेछ । तर उक्त वस्तुहरु पुन विक्री गराउन सकिने स्थितिमा हुनुपर्नेछ ।

६. **सम्झौताको अन्त्य :**

क) यो सम्झौताको अवधि कम्पनी रहेसम्म कायम हुनेछ । उक्त अवधी समाप्त नहुँदै सम्झौता भंग गर्नुपर्ने अवस्थामा भंग गर्न चाहने पक्षले अर्को पक्षलाई ३५ दिन अगावै जानकारी दिनुपर्ने छ। यसै ३५ दिनको अवधी भित्र दुई पक्ष विचको जिन्सी वा नगद लेनदेनको हिसाब किताव फरफारक गरिसक्नु पर्नेछ । तर निम्न अवस्थामा ३५ दिने पुर्व सुचना नदिई जुनसुकै बखत यो सम्झौता अन्त्य हुन सक्नेछ ।

अ) वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने ऐन, २०७४ तथा नियमावली, २०७६ बमोजिम पालना गर्नुपर्ने शर्त र निर्देशन पालना नगरी व्यवसायिक नैतिकता प्रतिकुल कार्यहरु गरेमा ।

आ) प्रथम पक्षबाट बिक्री वितरणका लागी दोस्रो पक्षले प्राप्त गरेको वस्तुको तोकिएको समयमा रकम चुक्ता नगरेमा ।

इ) दोस्रो पक्षले अन्य कम्पनिको वस्तुहरुको (Marketing, Promotion) तथा बिक्री वितरण गरेमा ।

ई) वस्तुको प्रत्यक्ष बिक्री - नियमन तथा व्यवस्थापन गर्न बनेको) ऐन, २०७४ र नियमन निकायबाट दिएका निर्देशन विपरित कार्य गरेमा ।

उ) बजार प्रबर्धन गर्ने क्रममा प्रथम पक्षको नीति, निर्देशन प्रतिकूल दोस्रो पक्षले आफुलाई मात्र फईदा पुग्ने गरी वस्तुको बिक्री वितरण गरेमा ।

७. **निर्देशन पालना तथा विवाद समाधान :**

क) वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने), २०७४ तथा नियमावली, २०७६ का प्रावधानहरु तथा वाणिज्य, आपुर्ति तथा उपभोक्ता हित्त संरक्षण विभागले समयमा दिने निर्देशनको पुर्ण पालना गर्नु दुवै पक्षको कर्तव्य एवं जिम्मेवारी हुनेछ ।

ख) वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने), २०७४ तथा नियमावली, २०७६ बमोजिम प्रथम पक्षले लागु गरेको वस्तुको बिक्री नीति र कार्य विधी (समय समयमा हुने संशोधनहरु समेत) पालना दोस्रो पक्षले गर्नु पर्दछ । पालना नगरेका कारणहरुबाट, दावी वा नोकसानीको लागि पालना नगर्ने जिम्मेवारी लिनु पर्नेछ ।

ग) दुई पक्ष विच कुनै विवाद प्रथम चरणमा आपसी सहमतिमा विवाद समाधान गरिने छ। दुई पक्ष विच सहमति कायम हुन नसकेमा दोस्रो चरणमा वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभागको मध्यस्यतामा समाधानको प्रयासमा पनि विवाद समाधान हुन नसकेमा वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभागले गरेको निर्णयानुसार हुनेछ ।

८. **अन्य व्यवस्थाहरू :**

क) दोस्रो पक्षले प्रथम पक्षबाट प्राप्तगर्ने वस्तुहरुमा कानून अनुसार लाग्ने कर समावेश गरिएको हुनु पर्दछ ।

ख) प्रचलित कानुन अनुसार प्रथम पक्षबाट दोस्रो पक्षले बोनस तथा कमिसनमा कर कट्टी गर्नुपर्नेछ। बोनुस प्राप्त गर्नका लागि दोस्रो पक्षसँग अनिवार्य रुपमा पान नं. भएको हुनु पर्दछ ।

ग) दोस्रो पक्षले प्रथम पक्षको प्रतिनिधित्व गर्नेछ। प्रथमपक्षको पहिचानसँग सम्बन्धित लोगो ट्रेडमार्क प्रयोग गर्नेछ ।

घ) यो सम्झौता पत्रले प्रथम पक्ष र दोस्रो पक्ष बिच कुनै किसिमको एजेन्सी वा रोजगारीको सम्वन्ध स्थापित हुने छैन ।

ङ) यस सम्झौतामा उल्लेखित कुराहरु यसै बमोजिम र नभएका कुराहरु प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

च) कुनै पनि विक्रेता वा वितरकहरुले प्रथम पक्षको गोपनियता कायम नगरी व्यापारमा ह्रास आउने काम गरेमा, निर्दिष्ट निति नियम भन्दा बाहिर गई कार्य गरे गराएमा, प्रचलित कानुनको उल्लंघन गरेमा वा आफ्नो अनुकुलताको लागि उपभोत्ताहरुलाई हानी नोक्सानी पुऱ्याउने काम गरेमा त्यसको भागीदार सम्बन्धित पक्ष नै हुनु पर्नेछ ।

छ) यस सम्झौताका उल्लेखित शर्तहरु सकारात्मक व्याख्या गरी ईमान्दारपुर्वक पालना गर्नु दुवै पक्षको कर्तव्य हुनेछ । दुवै पक्षको सहमति तथा वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको स्विकृतिमा लिखित रुपमा मात्र परिवर्तन गर्न सकिने छ ।

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| .................................. | .................................. |
| आधिकारिक प्रतिनिधि | वितरक |
| एशियन लाइफ केयर इन्टरनेशनल प्रा.लि | |

साक्षीहरू :

१. ................ जिल्ला ...................... पालिका वडा नं. ............ बस्ने वर्ष ....... को ........................................... १

२. ................ जिल्ला ...................... पालिका वडा नं. ............ बस्ने वर्ष ....... को ........................................... १

इति सम्बत. ...................... साल ................ महिना ................ गते ........................................... रोज शुभम्

'एशियन लाइफ केयरको चाहना सुखी नेपाली समृद्ध नेपालको परिकल्पना'

CamScanner

कम्पनी प्रति ☐
वितरक प्रति ☐
विभाग प्रति ☐

# सम्झौता पत्र

नेपाल सरकार, कम्पनी रजिस्टरको कार्यलयमा दर्ता रहि चितवन भरतपुर महानगरपालिका नं १०मा रजिष्टर कार्यालय रहेको एशियन लाइफ केयर इन्टरनेशनल प्रा.लि. (कम्पनी दर्ता नं २८९१३६), को (यस पछि पहिलो पक्ष भनिनेछ) तथा श्री श्रीमती.......................................................................को नाति/नातिनि/बुहारी......................................................................को छोरा/छोरी बुहारी.......................जिल्ला.....................गाउँ/नगर/उपमहानगर/ महानगर पालिका वडा नं. ...... बस्ने बर्ष..........को ......................................................... (यसपछि दोस्रो पक्ष भनिनेछ) बीच तपसिलमा लेखिएका सर्तहरु पालना गर्ने, काम कर्तव्य, अधिकार जिम्मबारी पुरा गर्ने एवं सेवा सुविधा दिन पाउने गरी राजीखुसीका साथ वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ को दफा १४ एवं बस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) नियमावाली, २०७६ को नियम ९ बमोजिम यो सम्झौता पत्रको ३ प्रति तयार गरि सहिछाप गरि १ प्रति वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभागमा सनेत बुझाउने गरि दुवै पक्षले १/१ प्रति बुझी लियौं ।

## शर्तहरू :

१. **यो सम्झौता पत्र बमोजिमका कार्य अगाडी बढाउनका लागी निम्न बमोजिमको कागजतहरू दोस्रो पक्षले प्रथम पक्ष समक्ष गर्नु पर्नेछ ।**

क) १८ वर्ष उमेर पुगेको नेपाली नागरिताको प्रतिलिपि थान- १

ख) हालसालै खिचिएको पासपोर्ट साईजको फोटो थान- २

ग) हालको बसोवासको पुर्ण ठेगाना :- ............................................

घ) पान नं. .......................... सम्पर्क मोवाईल नं. .......................... इमेल : ....................

२. **प्रथम पक्षको काम, कर्तव्य अधिकार र जिम्मेवारी**

क) यस सम्झौता पत्रमा उल्लेखित शर्तहरु तथा वस्तुको प्रत्यक्ष बिकी (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७६ को प्रावधानहरु एवं उपभोक्ताको हित संरक्षणका सम्बन्धमा दोस्रो पक्षलाई तालिम एवं. क्षमता विकासका अन्य माध्यमबाट प्रशिक्षित गर्नु/ गराउन पर्नेछ ।

ख) दोस्रो पक्ष वा उपभोक्ताहरुको मागको आधारमा कम्पनीबाट बिक्री विवरण गर्ने बस्तु यथोचित समय मै उपलब्ध गराउनु पर्नेछ।

ग) उपभोक्त "ख" बमोजीमका वस्तुहरुको बिक्रि मुल्य सहितको विवरण कम्पनीको रजिष्टर्ड कार्यालय, शाखा कार्यालय वा बिक्री कक्षमा सबैले देख्ने स्थानमा चुस्त रुपमा राख्नु पर्नेछ, तथा दोस्रो पक्ष समेतलाई उपलब्ध गराउनुपर्छ, यस सम्बन्धी विवरण वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन,२०७४ तथा नियमवाली २०७६ बमोजिमको ढाँचा र समय सिमा भित्र वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग समक्ष पेश गर्नु पर्नेछ ।

घ) वस्तुहरु बिक्री वितरण गर्दा विक्रेता वितरक एवं उपभोक्तालाई समय सिमा तोकी वस्तु बिक्रि वितरण वा उपभोग गर्नु पर्ने गरी सामान्यत: परिमाण/मात्रा तोक्न पाईने छैन । तर कम्पनीको नियमअनुसारको सेवा सुविधा प्राप्त गर्ने भने कम्पनीको बजार योजना अनुसारको बिक्री वा खपत गर्ने गराउन प्रोत्साहन गर्न सकिनेछ ।

ङ) दोस्रो पक्षले बिक्री वितरण गरेको वस्तुको परिमाण (Volume) का आधारका बस्तुको बिक्री वितरण भएको कम्पनीको नियमानुसार, कम्पनीको बजार योजना अनुसार कम्पनीले तोकेको सेवा सुविधा, लगायत अन्य लभांसहरु उपलब्ध गराउनु पर्नेछ । सो को पूर्ण विवरण व्यापारिक सफ्टवेयरमा पनि व्यवस्थित गर्नुपर्नेछ ।

३. **दोस्रो पक्षको काम, कर्तव्य अधिकार र जिम्मेवारी**

क) पहिलो पक्षले वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभागबाट बिक्री/ वितरण गर्न अनुमती पाएका अनुसूची बमोजिमका पहिलो पक्षबाट उपलब्ध गराइने वस्तुहरु मात्र बिक्री वितरण गर्नु गराउनुपर्नेछ ।

ख) कम्पनिकै सेल्स डेक्सबाट मात्र विक्री वितरण गरिनेछ । उपभोक्ता आफै स्वयं उपस्थित भई विलिङ गर्नुपर्नेछ ।

ग) उपरोक्त "क" बमोजिम वस्तुको विक्री वितरण गर्दा विक्री गरिने वस्तुको बारेमा गाहक/उपभोक्तालाई जानकारी गराई राजिखुसीले मात्र खरिद गर्नका लागी प्रोत्साहित गर्न/गराउन पर्नेछ ।

घ) उपभोक्तालाई भम पार्ने वा कुनै प्रकारले अनुचित प्रभावमा पार्ने कार्य गर्न पाउने छैन । त्यस्तो कार्य गरेमा कारवाहिको भागिदार हुनुपर्नेछ ।

ङ) गाहक वा उपभोक्ताले खरिद गर्न चाहेको वस्तु निजले प्राप्त नगरेसम्म उक्त वस्तुको मुल्य वापतको रकम असुल गर्नु हुँदैन ।

च) आफु मातहत रहने गरि निर्शत कसैलाई पनि कुनै Title दिई वा नदिई विक्री वितरण गर्न गराउन वा मार्केटिङ लगायतका कार्य गर्न गराउनु हुदैन । तर प्रथम पक्षको बजार योजना एवं वस्तुको (नियमन एवं व्यवस्थापन गर्ने बनेको) ऐन २०७६ मुताविक वस्तुको बजार प्रवर्धन गर्न/गराउन सकिनेछ ।

छ) वितरकहरुले निम्न कार्यहरु गर्नु पर्नेछ :

अ) कम्पनीका उत्पादनहरुको बारेमा बजार एवं बिक्री प्रबर्धन (Market and sales promotion) गर्ने/गराउने ।

आ) बस्तुको बिक्री वितरण (Sales and Distribution) गर्ने/गराउने ।

इ) कम्पनीका उत्पादन र बजार योजनाका बारेमा अभिमुखीकरण कार्यक्रम गर्ने, तालिम, गोष्ठी सेमिनार गर्ने गराउने ।

ज) बिक्री वितरण गरेको वस्तुको परिमाण (Volume) का आधारमा प्रथम पक्षबाट द्वितिय पक्षले प्रथम पक्षको अनुसूचि १ मा उल्लेख भए अनुसारको सेवा सुविधा, कमिसन वा बोनसहरु प्राप्त गर्नेछन् ।

झ) वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्न बनेको) ऐन २०७४ र नियमावली, २०७६ बमोजिम वाणिज्य आपूर्ती तथा उपभोक्ता संरक्षण विभाग तथा तालुक निकायले दिने निर्देशन भित्र रहेर कम्पनीसंग सहकार्य एवं बजारीकरण गर्नु/गराउनु पर्नेछ ।

ञ) प्रथम पक्षबाट प्राप्त वस्तुहरु आफ्नो अनुकुलता अनुसार बजारीकरण, बजार प्रावर्धन वा बिक्री वितरण एवं नियमानुसार कारोबार गर्नुपर्नेछ ।

ट) सेवा सुविधाहरु : कम्पनीको बजारीकरणको योजनामा उल्लेख भए अनुसार हुनेछ । (अनुसुची १)

CamScanner